### समितिबाट इजाजतपत्र लिई संचालनमा रहेका जीवन बीमा कम्पनीहरु

| क.सं. | नाम र ठेगाना | सम्पर्क नं |
|---|---|---|
| १ | श्री राष्ट्रिय बीमा संस्थान, रामशाहपथ | ४२६२५२० |
| २ | श्री नेशनल लाईफ ईन्स्यारेन्स कं.लि, लाजिम्पाट | ४४१४७९९ |
| ३ | श्री नेपाल लाइफ इन्स्योरेन्स कं. लि., कमलादी | ४१६९०८२ |
| ४ | श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि., नक्साल | ४४४३६१६ |
| ५ | श्री मेट लाइफ एलिको, पूल्चोक | ५५५५१६६ |
| ६ | श्री एशियन लाइफ इन्स्योरेन्स कं. लि., मैतिदेवी | ४४१०११५ |
| ७ | श्री सूर्या लाइफ इन्स्योरेन्स कं. लि.,सानोगौचरन | ४४२३७४३ |
| ८ | श्री गुराँस लाइफ इन्स्योरेन्स कं. लि., तीनकुने | ५१९९३१० |
| ९ | श्री प्राइम लाइफ इन्स्योरेन्स कं. लि., हात्तिसार | ४४४१४१४ |
| १० | श्री आइएमई लाइफ इन्स्योरेन्स कं.लि., लैनचौर | ४०२४०७५ |
| ११ | श्री यूनियन लाइफ इन्स्योरेन्स कं.लि., नयाँ बानेश्वर | ४७८४७५८ |
| १२ | श्री ज्योति लाइफ इन्स्योरेन्स कं.लि.,ज्ञानेश्वर | ४४४५९४१ |
| १३ | श्री सन नेपाल लाइफ इन्स्योरेन्स कं.लि., कमलादी | ४४३६१२६ |
| १४ | श्री रिलायन्स लाइफ इन्स्योरेन्स कं.लि., नयाँ बानेश्वर | ४७८७२२४ |
| १५ | श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कं.लि.,ज्ञानेश्वर | ४४२३६१८ |
| १६ | श्री सिटिजन लाइफ इन्स्योरेन्स कं.लि., थापाथली | ४१०१७४४ |
| १७ | श्री सानिमा लाइफ इन्स्योरेन्स लि., कमलादी | ४४३८८८६ |
| १८ | श्री प्रभु लाइफ इन्स्योरेन्स कं.लि., कमलादी | ४२२६५६८ |

### समितिबाट इजाजतपत्र लिई संचालनमा रहेका निर्जीवन बीमा कम्पनीहरु

| क.सं. | नाम र ठेगाना | सम्पर्क नं |
|---|---|---|
| १ | श्री नेपाल ईन्स्यारेन्स कं.लि., कमलादी | ४२२१३५३ |
| २ | श्री दि ओरियण्टल ईन्स्यारेन्स कं.लि., डिल्लिबजार | ४४१६४३९ |
| ३ | श्री नेशनल ईन्स्यारेन्स कं.लि., त्रिपुरेश्वर | ४२५०७१० |
| ४ | श्री हिमालयन जनरल ईन्स्यारेन्स कं.लि, बबरमहल | ४२३१७८८ |
| ५ | श्री यूनाईटेड ईन्स्यारेन्स कं.लि, थापाथली | ५१११११११ |
| ६ | श्री प्रिमियर ईन्स्यारेन्स कं. (नेपाल) लि., नक्साल | ४४१३५४३ |
| ७ | श्री एभरेष्ट इन्स्योरेन्स कं. लि., हात्तिसार | ४४४४७१७ |
| ८ | श्री नेको इन्स्योरेन्स लि., अनामनगर | ४७७०१२७ |
| ९ | श्री सगरमाथा इन्स्योरेन्स कं. लि., भगवतीबहाल | ४४१२३६७ |
| १० | श्री प्रभु इन्स्योरेन्स लि., तीनकुने | ५१९९२२० |
| ११ | श्री आइएमई जनरल इन्सुरेन्स लि., नक्साल | ४४११५१० |
| १२ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कं. लि., कमलादी | ४२१२९४० |
| १३ | श्री शिखर इन्स्योरेन्स कं. लि., थापाथली | ४२४६१०१ |
| १४ | श्री लुम्बिनी इन्स्योरेन्सकं. लि.,ज्ञानेश्वर | ४४११७०७ |
| १५ | श्री एनएलजी इन्स्योरेन्स कं. लि., लाजिम्पाट | ४४४२६४६ |
| १६ | श्री सिद्धार्थ इन्स्योरेन्स कं. लि., बबरमहल | ४२५७७६६ |
| १७ | श्री राष्ट्रिय बीमा कं. लि.,रामशाहपथ | ४२५८७२१ |
| १८ | श्री जनरल इन्स्योरेन्स कं. नेपाल लि.,हात्तीसार | |
| १९ | श्री अजोड इन्स्योरेन्स कं. लि., सुन्धारा | |
| २० | श्री सानिमा जनरल इन्स्योरेन्स कं. लि., कमलादी | |

### समितिबाट इजाजतपत्र लिई संचालनमा रहेका पुर्नबीमा कम्पनी

| क.सं. | नाम र ठेगाना | सम्पर्क नं |
|---|---|---|
| १ | श्री नेपाल पूनर्बीमा कं. लि., थापाथली | ४२१८४५८ |

### बीमासँग सरोकार राख्ने संघ संस्थाहरुको नाम, ठेगाना

| क.सं. | नाम र ठेगाना | सम्पर्क नं |
|---|---|---|
| १ | श्री नेपाल बीमक संघ, थापाथली | ४२३०३०१ |
| २ | श्री नेपाल बीमा सर्भेयर संघ, बानेश्वर | ४१०४१५१ |
| ३ | श्री पेशागत बीमा अभिकर्ता स्रंघ नेपाल, पुतलीसडक | ९८५१२१९१४९ |
| ४ | श्री नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाईटी (निप्स), | ४१०१५२४ |

**बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरुः**

(१)प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसँग खुलाई भर्ने

(२)बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्ने

(३)बीमितले आफ्नो पेशा, व्यवसाय एवं आर्थिक स्तर समेतलाई मध्यनजर गरी बीमालेख खरिद गर्ने

(४)बीमालेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय, इच्छाएका व्यक्तिको नाम,बीमालेख वापत रकम पाउने/ नपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडि नै बुझ्नुपर्दछ ।

(५)बीमितले बीमा शुल्क बुझाएपछि यसको आधिकारिक भर्पाइ वा रसिद लिनुपर्दछ ।

(६)बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वंमले भर्नुपर्नेछ बीमित निरक्षर वा प्रस्ताव फारा मभर्न नसक्ने भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ ।

(७)बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नुपर्दछ ।

**नोटः** बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बीमितले त्यसको कारण समेत खोली बीमा समितिमा उजुरी गर्न सक्छ ।

**बीमा सम्बन्धी थप जानकारी लागि :**

बीमा समिति
BEEMA SAMITI
Insurance Regulatory Authority of Nepal
(नेपालको बीमा नियमनकारी निकाय)


## बीमा समिति

कुपण्डोल, ललितपुर

फोन नं. ०१-५५२८६१८

फ्याक्स नं. ०१ -५५२०११९

वेवसाइट :www.bsib.org.np

ईमेल : info@bsib.org.np

टोल फ्रि नं. १६६०-०१-५६७८९ (पैसा नलाग्ने फोन)


# बीमा सम्बन्धी संक्षिप्त जानकारी

बीमा समिति
BEEMA SAMITI
(नेपालको बीमा नियमनकारी निकाय)



**पृष्ठभूमि:**

नेपालमा बीमा व्यवसायको औपचारिक सुरुवात वि.स.२००४ सालमा नेपाल वैक लिमिटेडको भगिनी संस्था नेपाल मालचलानी तथा बीमा कम्पनी लि. बाट सुरु भएको हो । सुरुमा नेपाल बैंकले कर्जा प्रदान गरेको ऋणीको धितोको बीमा गर्ने उद्देश्यले यो संस्था स्थापना भएको हो । तत्पश्चात बीमा बजारको बढ्दो चापलाई महसुश गरी नेपाल सरकारले बीमा क्षेत्रको विकास र बिस्तारका लागि आवश्यक कानूनी व्यवस्था गर्न र त्यसको उपयुक्त संस्था खडा गरी प्रभावकारी वनाउन वि.स. २०२५ सालमा बीमा ऐन जारी गरियो । वि.स. २०२५ देखि वि.स. २०४६ सालसम्म बीमा क्षेत्रमा भए गरेका परिवर्तन एंव उपलब्धीहरुलाई थप व्यवस्थित र विस्तार गर्ने उदेश्य स्वरुप वि.स.२०४६ सालपछि राज्यले अवलम्वन गरेको आर्थिक उदारीकरणको नीति अनुरुप बीमा बजारमा निजी क्षेत्रको प्रवेश शुरु भयो । बीमा व्यवसायलाई थप व्यवस्थित, विकसित, नियमित र नियन्त्रित गर्ने उद्देश्यले नयाँ बीमा ऐनको आवश्यकता महसुश गरी वि.स. २०४९ सालमा बीमा ऐन, २०४९ जारी गरियो ।

सो ऐनमा बीमा समितिलाई स्वायत्त नियमनकारी निकायको रुपमा स्थापना गरी बीमामा संलग्न सर्वसाधारण जनताको जोखिम न्यूनीकरण गर्ने, देशको आर्थिक विकासमा योगदान पु¥याउने, बीमितहरुको हक हित संरक्षण गर्ने, उद्योग धन्दा, व्यापार व्यवसायमा भएको जोखिम कम गर्नुका साथै बीमामा जनसहभागिता बढाउने बृहत उद्देश्य राखिएको छ । यसको परिणाम स्वरुप हाल मुलुकमा १८ जीवन २० निर्जीवन र १ पुनर्बीमा गरी ३९ वटा बीमा कम्पनीहरु संचालनमा रहेका छन्। बीमाको दायरामा रहेको जनसख्यामा पनि उल्लेख्य मात्रामा बृद्धि भईरहेको छ ।

**बीमा समितिको परिचय :**

वि.स. २०२५ सालमा बीमा व्यवसायको वृद्धि, विकास, नियन्त्रित तथा नियमन गर्नको लागि नेपाल सरकारबाट नियमनकारी निकायको आवश्यकता महशुस गरी बीमा समितिको स्थापना भएको हो । समितिले मिति २०२६ साल जेष्ठ १ गतेबाट आफ्नो कार्य आरम्भ गरेको पाइन्छ । तत्पश्चात बीमा ऐन, २०४९ जारी भएपछि बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने जिम्मेवारी सहित समितिले एक अविछिन्न उत्तराधिकारवाला स्वायत्त बिमा नियमनकारी निकायको रुपमा कार्य गर्दै आईरहेको छ ।

**गठन** : बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित र नियन्त्रित गर्नका लागि बीमा ऐन,२०४९ बमोजिम बीमा समितिको गठन भएको हो । बीमा समितिको सञ्चालक समितिमा नेपाल सरकार मन्त्रीपरिषद्ले नियुक्त गरेको पूर्णकालिन अध्यक्ष रहने व्यवस्था छ । त्यसैगरी संचालक समितिमा नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका एक जना प्रतिनिधि सदस्य, नेपाल सरकार अर्थ मन्त्रालयका एक जना प्रतिनिधि सदस्य, बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्ति मध्येबाट एक जना सदस्य, बीमितहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना सदस्य गरी पाँच जना सदस्य रहने व्यवस्था रहेको छ ।

**उद्देश्य** : नेपालको बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने बीमा समितिको प्रमुख उद्देश्य हो ।
**दुरदृष्टि** : बीमा समितिलाई नेपालको उच्च प्रतिष्ठित र नेतृत्वदायी संस्थाको रुपमा रुपान्तरण गर्ने ।
**लक्ष्य** : निरन्तर अध्ययन, दक्षता र इमान्दारिताको माध्यमबाट पेशागत र सशक्त बीमा नियमनकारी निकायको रुपमा पहिचान गराउने ।
**मूल मान्यता** :इमान्दारीता, पारदर्शिता, उत्तरदायी, समूह गतिशिलता, सेवा, निष्पक्षता, नविनता ।

**बीमा समितिले के काम गर्छ ?**

बीमा ऐन, २०४९ अनुसार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :-

(१) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि नीति निर्धारण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
(२) बीमाबाट प्राप्त हुन आएको रकम लगानी गर्नको लागि नीति निर्धारण गरी प्राथमिकता क्षेत्र तोक्ने,
(३) बीमक, बीमा अभिकर्ता, सर्भेयर वा दलालको दर्ता र नविकरण गर्ने तथा दर्ता खारेज गर्ने, गराउने,
(४) बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,
(५) बीमा दायित्व निर्धारणका सम्वन्धमा बीमक विरुद्ध बीमितले दिएको उजूरी उपर निर्णय गर्ने,
(६) बीमा व्यवसायका सम्बन्धमा बीमकलाई समय-समयमा आवश्यक निर्देशन दिने,
(७) बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने
(८) बीमा व्यवसायसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने,

**बीमाको आवश्यकता किन ?**

जोखिमबाट हाम्रो जस्तो अविकसित मुलुकमात्र होइन विकसित देशहरु पनि सुरक्षित छैनन् । मानव जीवन र धन सम्पत्तिमा विविध प्रकारका जोखिम रहेका हुन्छन । बर्तमान समय प्रविधि र आधुनिकताको विकासले जति सहज र सरल हुदै गइरहेको छ त्यतिकै जोखिम पनि बढिरहेको छ। विभिन्न प्रकारका भवितव्य, दुर्घटनाबाट सिर्जित क्षतिको न्यूनीकरण गर्न एंव मानिसको जीवनमा आवश्यक पर्ने बचतको ब्यबस्था गर्न बीमा एक उपयुक्त माध्यम हो । बीमाले संभावित जोखिमबाट पर्न जाने आर्थिक भारलाई कम गर्नुका साथै आश्रित व्यक्तिहरुको भलाई, व्यवसायको निरन्तरताको लागि पूँजीको व्यवस्था, बुढेसकालमा जोखिमको सुरक्षा साहराको साथै अन्य आर्थिक सुरक्षाहरु प्रदान गर्दछ । जोखिम विरुद्ध अपनाइने समाजिक एंव आर्थिक सुरक्षा रणनीतिको प्रभावकारी औजारको रुपमा रहेको बीमा मानव जीवन र भौतिक सम्पत्तिमा आइपर्ने जोखिम व्यवस्थापनको सवैभन्दा उत्तम र सही उपाय हो । बीमाको मुख्य काम भनेको प्रतिकूल घटनाहरुको अनिश्चितततालाई कम गरी निश्चतता र सुरक्षा प्रदान गर्नु हो । यसर्थ बीमा व्यक्ति, समाज, सम्पत्ति र व्यवसायका लागि अपरिहार्य साधन एंव यथार्थमा संकट समाधानको सहयोगी औजार भएका कारण बीमाको आवश्यकता झन बढदै गईरहेको छ ।

**जीवन बीमाको दावी भुक्तानी कसरी हुन्छ ?**

(१)अन्तिम किस्ता भुक्तान गरि सकेका बीमितको नाममा किस्ता भुक्तान गरेको मितिले १५ दिनभित्र त्यस्तो जीवन बीमाको दावी भुक्तानी गर्नको लागि चाहिने बीमालेख लगायत आवश्यक कागजातहरु समेत संलग्न राखी दावी भुक्तानी लिन आउनको निमित्त वीमकले भुक्तानी पूजी (डिस्चार्ज भाउचर) जारी गर्छ ।
(२)बीमितले बीमक समक्ष उक्त कागजातहरु पेश गरेमा बीमकले आवश्यक जाँचबुझ गरी जीवन बीमा लेखको अवधि भुक्तान भएको ७ दिनभित्र निजलाई जीवन बीमाको दावी भुक्तानी दिन्छ ।
(३)कुनै जीवन बीमालेखको अवधि समाप्त हुनु अगावै सो वीमालेख लिने बीमितको मृत्यु भएमा इच्छाएको व्यक्ति भए निजले र कसैलाई इच्छाएको नभए सवैभन्दा नजिकको हकवालाले त्यस्तो जीवन बीमाको रकम लिनको लागि देहायका विवरणहरु खुलाई दावी भुक्तानीको निवेदन बीमक समक्ष पेश गर्नुपर्छ ।
(क) दावी सम्वन्धी विवरण ।
(ख) बीमितको मृत्यु प्रमाणपत्र ।
(ग) दुर्घटनावाट बीमितको मृत्यु भएको र त्यस्तो जोखिम जीवन बीमामा समावेश भएको भए बीमितको मृत्युको कारण सम्वन्धमा सरकारी चिकित्सकद्धारा गरिएको शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन ।
(घ) बीमितसँगको नाता प्रमाणपत्र ।
(ङ) उमेर प्रमाणित नभएको अवस्थामा उमेर प्रमाणित गर्ने कागजातहरु ।
(च) समितिद्वारा तोकिदिएका अन्य विवरणहरु ।
यसरी निवेदन प्राप्त भएपछि बीमकले जीवन बीमा दावीको सम्वन्धमा पेश भएका कागजात विवरणहरु छानवीन गरी आवश्यक भए अन्य कुराहरु समेत बुझी आफूसमक्ष त्यस्ता कगाजातहरु प्राप्त भएको मितिले १५ दिनभित्र दायित्व निर्धारण गरी दावी भुक्तानी लिन आउनको निमित्त निवेदकको नाममा भुक्तानी पूजी (डिस्चार्ज भाउचर) जारी गर्नुपर्छ । यसरी जारी गरेको भुक्तानी पूजी निवेदकवाट प्राप्त भएको मितिले १५ दिनभित्र बीमकले बीमाको दावी भुक्तानी गर्नुपर्छ। बीमकले विवरणहरु छानविन गर्दा दायित्व निर्धारण गरी बीमा दावी भुक्तानी गर्नु नपर्ने देखेमा सो को कारण खोली त्यसको लिखित जानकारी निवेदकलाई दिनुपर्छ ।

**निर्जीवन बीमाको दाबी भुक्तानी कसरी हुन्छ ?**

(१)बीमा गर्ने बीमितले बीमालेख बमोजिमको दावी गर्नुपर्ने भएमा तत्सम्वन्धी सम्पूर्ण विवरणहरु खुलाई बीमक समक्ष निवेदन दिनुपर्छ ।
(२)यसरी निवेदन प्राप्त भएमा बीमकले आवश्यक जाँचबुझ गर्न आवश्यक परेमा तुरुन्त सर्भेयर खटाउन सक्छ ।
(३)खटिएको सर्भेयरले आवश्यक जाँचवुझ गरी पन्„ दिनभित्र बीमकको दायित्वको निर्धारण गरी त्यसको विस्तृत विवरण समेतको प्रतिवेदन बीमकसमक्ष पेश गर्नुपर्छ र त्यसवारे बीमा लेखको शर्त तथा सुविधाको अधिनमा रही बीमितले पाउन सक्ने रकम उल्लेख गरी बीमितलाई जानकारी दिनुपर्छ ।
(४)सर्भेयरले बीमकसमक्ष प्रतिवेदन पेश गरेको साधारणतया ३५ दिनभित्र बीमकले दायित्व ठहर गरी बीमितलाई निर्जीवन बीमाको दावी भुक्तानी गर्नुपर्छ ।